१५२८

२०७५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १६७/०७३/७४

**निर्णय नं. १५५**

जिल्ला महोत्तरी, पशुपतिनगरका अमृत कुमार महतो समेत ..................................८ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री राष्ट्रिय उच्च मा. बि., पशुपतिनाथ, बनरझुल्ला ..........................१ } विपक्षी
सूचना अधिकारी, श्री राष्ट्रिय उच्च मा. बि., पशुपतिनाथ, बनरझुल्ला ..........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, पशुपतिनगरका अमृत कुमार महतो समेतले श्री राष्ट्रिय उच्च मा. बि., पशुपतिनाथ, बनरझुल्ला समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।११ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदन सम्बन्धमा यस आयोगबाट माग बमोजिमको सूचना उपलब्ध गराउन मिति २०७३।०७।०१ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको निम्ति यस आयोगको च. नं. ५२० मिति २०७३।०७।०१ को पत्र मार्फत लेखी गएको । आयोगबाट जारी मिति २०७३।०७।०१ को आदेश पश्चात पनि श्री राष्ट्रिय उच्च मा. बि., पशुपतिनाथ, बनरझुल्लाले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले पुनः मिति २०७३।०७।२४ मा उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा श्री राष्ट्रिय उच्च मा. बि., पशुपतिनाथ, बनरझुल्लाले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०७।०१ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी श्री राष्ट्रिय उच्च मा. बि., पशुपतिनाथ, बनरझुल्लाको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा मिसिलमा जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल मंसिर ०६ गते रोज २ शुभम् ।